# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

☎ फोन नं. ९८४९७५६३०३


प.सं. २०७८/७९
च.नं. १६४२

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मितिः- २०७९/०२/३१

विषयः- आ.ब.२०७८/०७९ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु सबै,
श्री संघसँस्था, विद्यालयहरु तथा सरोकारवाला सबै,
दंगीशरण गाउँपालिका हेकुली दाङ ।

प्रस्तुत विषयको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ (सात) दिन अगावै भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था भए बमोजिम यस दंगीशरण गाउँपालिकाबाट संचालित आ.ब २०७८/०७९ का सम्पुर्ण कार्यक्रम तथा योजनाहरुको मिति २०७९/०३/१५ गतेभित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्नु हुन अनुरोध छ । तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न यस गाउँपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ ।

को.ले.नि.का.बाट भुक्तानी हुने आयोजनाहरु, सङ्घिय सरकारको सशर्त, विशेष र समपुरक कार्यक्रमहरु र प्रदेश सरकारका सशर्त, विशेष र समपुरक कार्यक्रम तथा योजनाहरुको फरफारक २०७९/०३/१५ गते भित्र सम्पन्न गर्नु पर्नेछ । गाउँपालिकाबाट संचालित अन्य योजना तथा कार्यक्रमको हकमा मिति २०७९/०३/१५ गते भित्र काम सम्पन्न गरी सम्पुर्ण कागजात गाउँपालिकामा पेश गरी भुक्तानी माग गर्नुहुन र २०७९/०३/२० गते भित्र योजना तथा कार्यक्रमको फरफारक सम्पन्न गर्नुपर्नेछ ।

आर्थिक वर्षको अन्तिम सात दिन भित्र करकट्टी रकम दाखिला गर्नुपर्ने, संघ सशर्त र प्रदेश सशर्त अनुदान खर्च हुन बाँकी रकम फिर्ता गर्नुपर्ने र सम्पुर्ण कारोबारोको हिसाब मिलान गरी संघ तथा प्रदेश सरकार अन्तरगतका निकायमा प्रतिवेदन पठाउने समेतका कामहरु यसै आ.ब. भित्र गरी सक्नुपर्ने बाध्यातमक कानूनी व्यवस्था भएकोले २०७९/०३/१५ गते भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय जवाफदेही नहुने र सरकोरवाला स्वयं जिम्मेवार हुनुपर्ने ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

सादर अवगतार्थः
श्रीमान अध्यक्ष ज्यु, दंगीशरण गाउँपालिका।
श्रीमान उपाध्यक्ष ज्यु, दंगीशरण गाउँपालिका ।

वोधार्थः
**योजना शाखाः** सम्पुरण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीको असार १५ सम्म पेश भएका योजनाहरुको असार २० गते भित्र भुक्तानी प्रकृयामा बढाउनु हुन ।
**वडा कार्यालयहरुः** वडाभित्र सम्पन्न भएका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको फरफारक असार १५ भित्र सक्नुहुन ।

भरत के.सी.
लेखापाल (पाचौं)

खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत